# बरेङ गाउँपालिका

# स्थानीय राजपत्र

## बरेङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या ६५, मिति २९ साउन २०८२

भाग २

## बरेङ गाउँपालिका

**प्रयोगशाला परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**

# प्रयोगशाला परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना** :- नेपालको संबिधान (२०७२) को धारा ३५ मा स्वास्थ्य सम्बन्धि हक अन्तर्गत नागरिकलाई बिभिन्न प्रकारको हकको व्यवस्था गरिएको सन्दर्भमा औषधी उपचार गर्नु भन्दा अगाडी प्रयोगशाला परीक्षण गरेर मात्र उपचार गर्नुपर्ने र प्रयोगशाला परीक्षण पनि स्वास्थ्य परीक्षणको एक महत्त्वपुर्ण अंश भएको र बरेङ अन्तर्गत आवश्यक बिभिन्न स्वास्थ्यचौकीहरुमा प्रयोगशाला स्थापना गरि गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरुलाई सेवा प्रदान गर्न र सञ्चालित प्रयोगशालाहरुलाई थप व्यवस्थित, पारदर्शी र कृयाशिल बनाउन वाञ्छनीय भएकोले

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बरेङ गाउँपालिकाको प्रशासकीय कार्यविधि(नियमन गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि बरेङ गाउँ कार्यपालिकाको मिति २०८२/०४/२९ गतेको बैठकद्वारा स्वीकृत भई यो कार्यविधि लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यबिधिको नाम "प्रयोशाला परीक्षण कार्यविधी, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :-**बिषय वा प्रसंग ले अर्को अर्थ नलागेमा,

(क ) "गाउँपालिका" भन्नले बरेङ गाउँपालिका सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले बरेङ गाउँ कार्यपालिकाको कार्यालय र यस कार्यालय मातहतका पाँच वटा वडा कार्यालय सम्झनु पर्छ।

(ग) "स्वास्थ्य संस्था" भन्नाले गाउँपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाई सम्झनुपर्छ।

(घ) "आर्थिक प्रशासन शाखा" गाउँपालिकाको आर्थिक प्रशासन शाखा सम्झनुपर्दछ।

(ङ) "कार्यविधी" भन्नाले प्रयोगशाला परीक्षण कार्यक्रम सञ्चालन कार्यविधी २०८२ सम्झनु पर्दछ।

(च) "प्रयोगशालाकर्मी" भन्नाले प्रयोगशालामा कार्यरत वा प्रयोगशाला परीक्षण कार्यक्रममा खटिइ जाने प्रयोगशाला सम्बन्धि तोकिएको योग्यता प्राप्त गरी बरेङ गाउँपालिका अन्तर्गत स्वास्थ्यचौकीहरुमा कार्यरत कर्मचारी सम्झनुपर्दछ, साथै आवश्यकता अनुसार माग गरेको खण्डमा जिल्ला, प्रदेश वा अन्य निकायबाट खटिई आएका कर्मचारी समेत सम्झनु पर्दछ

(छ) "कर्मचारी" भन्नाले स्वास्थ्य संस्था, स्वास्थ्य शाखा, गाउँपालिका वा अन्य निकायका कर्मचारी सम्झनु पर्दछ।

(ज) "स्वास्थ्य शाखा" भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखा सम्झनुपर्दछ।

(झ) "अनुगमन" भन्नाले प्रयोगशाला परीक्षण कार्यक्रमको प्रभावकारीता अनुगमनको लागि तोकिएका पदाधिकारी वा कर्मचारीहरुको अनुगमन भेटघाट सम्झनुपर्दछ।

(ञ) "परीक्षण कार्यक्रम" भन्नाले प्रयोगशाला स्थापना नभएका स्थानहरुमा निश्चित समयको अन्तरालमा सञ्चालन हुने प्रयोगशाला परीक्षण कार्यक्रम सम्झनुपर्दछ।

(ट) "प्रयोगशाला" भन्नाले यस कार्यविधी अनुसार मापदण्ड पुरा गरि स्थापना गरिएको प्रयोगशाला सम्झनु पर्दछ।

**३. कार्यक्रम सञ्चालनको उद्देश्य**:-

(१) बिरामीहरुको समयमानै प्रयोगशाला परीक्षण गरि समस्याग्रस्त नागरिकलाई तत्काल उपचार शुरुआत गर्ने।

(२) उपदफा (१) बोमोजिम स्थानीय स्तरमा उपचार संभव नभएका नागरिकहरुलाई तत्काल प्रेषण गर्ने र थप जटिलता हुनबाट बचाउने।

(३) प्रयोगशाला सेवा सबै नागरिकको पहुँचमा पुर्याउने।

(४) समयमानै रोग पत्ता लगाउने, उपचार गर्ने, प्रेषण गर्ने र डरलाग्दो रुपमा बढीरहेको नसर्ने रोगको भारलाई कम गर्ने।

**४. कार्यक्रम सञ्चालनमा बजेटको व्यवस्था**:-

(क) गाउँपालिकाद्वारा बिनियोजित बजेट।

(ख) कुनै सरकारी तथा गैर सरकारी संघ संस्थाबाट प्राप्त बजेट ।

(ग) स्थानीय संघ संस्था, क्लब, आमा समूह, वन समूह वा अन्य जुनसुकै स्रोतबाट प्राप्त बजेट ।

**५. प्रयोगशाला परीक्षण कार्यक्रम सञ्चालन प्रकृया:-**

१. प्रयोगशाला स्थापना नभएका स्वास्थ्य संस्थाहरुमा सेवाग्राहीहरुको आवश्यकता अनुसार मासिक रुपमा प्रयोगशाला परिक्षण अभियान सञ्चालन गरिनेछ ।

२. उपदफा (१) बमोजिम कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सञ्चालन हुनु भन्दा कम्तिमा पनि ५ दिन अगाडी सञ्चार माध्यम मार्फत नागरिकहरुलाई जानकारी दिनु पर्नेछ ।

३. उपदफा (२) बमोजिम जानकारी गराउँदा मिति, स्थान, समय र परिक्षण हुने वा नमुना संकलन हुने अवयबहरुको समेत जानकारी दिनु पर्नेछ ।

४. प्रयोगशाला परीक्षण कार्यक्रमको दिन परीक्षण सम्भव हुनेमा परीक्षण र परीक्षण गर्न संभव नहुने तर नमुना संकलन गरेर प्रयोगशालामा पुगि परीक्षण गर्न सकिने अवस्था छ भने नमूना संकलन गर्नु पर्नेछ ।

५. कार्यक्रममा आवश्यक पर्ने प्रयोगशाला सामाग्रीहरुको व्यवस्थापन सम्बन्धित प्रयोगशाला र स्वास्थ्य शाखाले गर्नेछ।

६. कार्यक्रममा खटिने कर्मचारी तथा प्रयोगशालाकर्मीहरुको व्यवस्थापन स्वास्थ्य शाखाले गर्नेछ ।

७. कार्यक्रमको समयमा हुने सम्पूर्ण परिक्षण पूर्ण रुपमा निःशूल्क हुनेछ ।

८. उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि सम्भव भए सम्म उपदफा(१) बमोजिम कार्यक्रम धुल्लुबाँस्कोट स्वास्थ्यचौकीमा प्रत्येक महिनाको १० गते, सल्यान स्वास्थ्यचौकीमा २० गते र सुखौरा स्वास्थ्यचौकीमा २५ गते र उक्त दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट र लगातार विदा परेमा कार्यालय खुल्ने पहिलो दिन सञ्चालन गर्नुपर्ने छ ।

९. उपदफा (८) बमोजिम कार्यक्रम स्थगित वा अघिपछि सार्नु परेमा कम्तिमा पनि १० दिन अगावै भरपर्दो सञ्चार माध्यम मार्फत जानकारी दिनुपर्ने छ ।

१०. उपदफा (९) बमोजिम जानकारी नदिइ कार्यक्रम स्थगित गर्ने प्रयोगशालाकर्मी वा कर्मचारीलाई नियमानुसारको कारबाही हुने छ ।

**६. प्रयोगशाला परीक्षण कार्यक्रम सञ्चालनका लागि जनशक्ति ब्यबस्थापन:-**

(१) दफा (५) र (६) बमोजिम प्रयोगशाला परीक्षण कार्यक्रमको लागि सोही बमोजिमको प्रकृया पुरा भए पछि जनशक्ती व्यवस्थापनको दायित्व गाउँपालिकाको हुनेछ ।

(२) प्रयोगशाला परीक्षण कार्यक्रमको लागि गाउँपालिकाले प्रयोगशाला सञ्चालन भएका स्वास्थ्य संस्थामा कार्यरत प्रयोगशालाकर्मीलाई खटाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम खटाईएका प्रयोगशालाकर्मीले आफू खटिई जाने स्थानको जानकारी प्राप्त भएपछि आवश्यक पर्ने सामाग्रीहरुको बन्दोबस्त गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम सामाग्रीहरु तयार गर्ने क्रममा नपुग सामाग्रीहरु गाउँपालिका स्वास्थ्य शाखामा जानकारी दिनु पर्नेछ। स्वास्थ्य शाखाले आवश्यक सामाग्रीहरुको व्यवस्थापन गर्नुपर्नेछ ।

(५) नाम दर्ता, सरसफाई जस्ता कार्यको लागि जुन स्वास्थ्य संस्थामा प्रयोगशाला परीक्षण कार्यक्रम सञ्चालन गर्ने हो, सोही स्वास्थ्य संस्थाका कर्मचारी परिचालन गर्नु पर्नेछ ।

(६) कार्यक्रम सञ्चालन गर्दा प्रयोगशालाकर्मी अपुग भएमा अन्य गाउँपालिका, नगरपालिका, जिल्ला, अस्पताल वा अन्य निकायबाट जनशक्ती बोलाई अभियान सम्पन्न गर्नु गाउँपालिकाको कर्तव्य हुनेछ ।

**७. प्रयोगशालाकर्मीको पारिश्रमिक तथा आर्थिक व्यवस्थापन:-**

(१) प्रयोगशालामा कार्यरत प्रयोगशालाकर्मीको तलब, भत्ता तथा अन्य सेवा सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) बरेङ गाउँपालिका वडा नं. १ र २ का स्वास्थ्य संस्थाहरुमा हुग्दिशिर स्वास्थ्यचौकी र वडा नं. ३, ४ र ५ का स्वास्थ्य संस्थाहरुमा बाटाकाचौर स्वास्थ्यचौकीमा कार्यरत प्रयोगशालाकर्मी मार्फत सेवा प्रदान गरिने छ।

(३) उपदफा (२) बमोजिम खटिनुपर्ने प्रयोगशालाकर्मी विदामा बसेको वा अन्य कुनै कारणवस सेवा प्रदान गर्न नसक्ने अवस्था भएमा पनि आपसी सहमतिमा स्वास्थ्य शाखाको अनुमतिमा सेवा प्रदान गर्नमा बाधा पर्ने छैन ।

(४) प्रयोगशाला परीक्षण अभियानमा संलग्न जनशक्तीको सेवा सुविधा “पालिका स्तरीय घुम्ती मासिक बैठक तथा सिकाई आदान प्रदान कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०८१” बमोजिम हुनेछ ।

**८. प्रयोगशालाकर्मीको काम कर्तव्य र अधिकारः-**

(१) आफ्नो सेवा क्षेत्र भित्र वा बाहिरका सेवाग्राहीहरुलाई आवश्यकता अनुसारको सेवा प्रदान गर्ने ।

(२) प्रयोगशाला परीक्षण कार्यक्रममा सम्पुर्ण सेवाहरु निःशुल्क भएको जानकारी गराउने ।

(३) सेवा प्रदान गर्नु अगाडी कुन कुन नमूना परीक्षण गर्न सकिने हो सो बारेमा जानकारी दिने ।

(४) उतार गर्नुपर्ने सबै विवरण उतार्ने माथिल्लो निकायमा प्रतिवेदन गर्नुपर्ने भएमा प्रतिवेदन गर्ने ।

(७) तोकिएका अन्य कार्यहरु गर्ने ।

**९. अभिलेख तथा प्रतिवेदनः-** (१)प्रयोगशालाकर्मीले प्रदान गरेको सेवाको विवरण तोकिएको ढाँचामा अभिलेख गर्नु पर्नेछ ।

(२)उपदफा (१)अनुसारको अभिलेखलाई तोकिएको ढाँचामा तयार गरि मासिक रुपमा स्वास्थ्य संस्थामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि स्वास्थ्य संस्थाले DHIS2 तथा आवश्यकता अनुसार गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(४) स्वास्थ्य संस्थाले आम्दानी तथा खर्च बिलको श्रेस्ताहरु क्रमबद्ध रुपमा राखी भुक्तानी दिनु पर्ने भएमा भुक्तानी दिनु पर्नेछ ।

**१०. अनुगमन :-**

(१) गाउँपालिका, स्वास्थ्य शाखा तथा अन्य सरोकारवाला निकायहरुबाट कार्यक्रमको अनुगमन हुनेछ ।

(२) उपदफा १ बमोजिम अनुगमन गरे बापत नियमानुसारको भ्रमण तथा यातायात खर्च उपलबध गराईनेछ ।

(३) अनुगमन गर्दा अनुगमनकर्ताले अनुगमनको क्रममा देखिएका सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, र सल्लाह सुझावहरु समेटिएको भ्रमण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**११. विविधः-**

(१) पहिलो पटक प्रयोगशाला परीक्षण कार्यक्रम सञ्चालन भईसकेपछि स्वास्थ्य संस्थाले आफ्नो सेवा क्षेत्र भित्रका नियमित प्रयोगशाला परीक्षण गराउनु पर्ने नागरिकहरुको लगत राख्नु पर्नेछ र अर्को पटकको परीक्षण कार्यक्रममा सहभागी हुन प्रेरित गर्नु पर्नेछ ।

(२) प्रयोगशाला परीक्षण गर्दा तत्काल उपल्लो निकायमा प्रेषण गर्नु पर्ने परिणाम निस्केमा सो कार्यको सहजिकरण सम्बन्धित स्वास्थ्य संस्थाले गर्नु पर्नेछ ।

**१२. खारेजी र बचाउ :-**

(१)यो कार्यविधि बन्नु आगाडी भए गरेका काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(२) यो कार्यविधि नेपाल सरकारको कुनै ऐन कानुन सँग बाझिन गएमा बाझिएका दफा, उपदफा तथा अनुसूची हरु खारेज भएको मानिनेछ ।

आज्ञालेः-
खड्ग वि. क
प्रमुख प्रशाकीय अधिकृत